# कानून निर्माणमा लग्रोलिङ्गको अवधारणा र अभ्यास



लक्ष्मण अर्याल [a]

**सारांश**

कानून निर्माताहरूले एक अर्काको प्रस्तावित प्रस्ताव स्वीकृत गराउन पारस्परिक मतदान गरेर गरिने मतको व्यापार नै लग्रोलिङ्ग हो । कानून निर्माण प्रक्रियाको समयमा विधेयकका दफा वा खण्डमा आपसी समर्थन जुटाउन र प्रस्तावित विधेयक पारित गराउन एउटा विधायकले अर्को समकक्षी विधायकको मत हासिल गर्न अवलम्बन हुने मतको लेनदेन हो । यसको उत्पत्ति अमेरिकी कङ्ग्रेसबाट भएको मानिन्छ । सम्वत् २०५१-२०५६ को अवधिमा नेपालको संसदीय पद्धतिमा दलहरूले लग्रोलिङ्गको भरपुर उपयोग गरेको पाउन सकिन्छ । यो विधि निर्माणका साथै निर्वाचन प्रक्रिया, सरकारको गठन/विघटन तथा मन्त्रालयगत बजेट निर्माण र विकासका आयोजना/कार्यक्रम छनौट जस्ता कार्यमा समेत व्याप्त रहेको पाइन्छ । निर्णय नै हुन नसक्ने, लामो समयसम्म अनिर्णयको बन्दी हुनुपर्ने र समस्याले निकास पाउन नसक्ने अवस्थाबाट मुक्त गराई पक्षधरहरूलाई जीत-जीतको स्थितिमा पुर्‍याउन यसले सहयोग गर्दछ । तथापि यसलाई गैरकानूनी, अनैतिक र अपवित्र अभ्यासको रूपमा समेत आलोचना गरेको पाइन्छ । यस लेखमा लग्रोलिङ्गको अवधारणागत परिचय, प्रकार, सान्दर्भिकता र नेपालमा यसको अभ्यासको सम्बन्धमा प्रकाश पार्ने जमर्को गरिएको छ ।

## परिचय

"लग्रोलिङ्ग" शब्द राजनीतिशास्त्रबाट लिइएको हो, जहाँ यसले कसरी एक पक्षले अर्को पक्षको विधेयक वा कानूनलाई पारिस्परिक समर्थनको बदलामा समर्थन गर्दछ भन्ने कुराको वर्णन गर्दछ । त्यसैले यो पक्षधरता वा पक्षको आदान प्रदानको अभ्यास हो। यसले मूलतः राजनीतिक पक्षको आदान प्रदानलाई जनाउँछ। यो विशेषगरी कानून निर्माताबाट एक अर्काको प्रस्तावित प्रस्ताव स्वीकृत गराउन पारस्परिक मतदान (quid pro quo) गरेर गरिने मतको व्यापार हो (Logrolling is the trading of favors, or quid pro quo, such as vote trading by legislative members to obtain passage of

[a] उपसचिव, संघीय संसद सचिवालय

actions of interest to each legislative member) ।[८] यसलाई व्यवस्थापिकाका सदस्यहरूद्वारा प्रत्येक सदस्यलाई आफ्नो चासो सम्बोधन गर्न गरिने मतको व्यापार (Trading of Vote) पनि भन्न सकिन्छ। यो यस्तो प्रबन्ध हो जसमा कुनै सदनका दुई वा बढी सदस्यहरू एक अर्काको विधेयकलाई समर्थन गर्न अग्रिम रूपमा सहमत हुन्छन् र ती सदस्यहरूले निर्वाचित अधिकारीका रूपमा आफ्ना कार्यक्षेत्रहरूको विचार प्रतिनिधित्व गर्ने कार्य समेत गर्दछन्। संगठनात्मक रूपमा यसले एक त्यस्तो अभ्यासलाई जनाउँदछ, जसमा विभिन्न संगठनहरूले एक अर्काको एजेण्डा प्रचार गर्छन् र प्रत्येकले एक अर्कालाई प्रतिफल प्राप्त हुनेछ भनी आशा गर्छन्।

लग्रोलिङ्ग वास्तवमा आपसी फाइदाको लागि मतको कारोबार बाहेक अरू केही होइन (Logrolling is making mutually beneficial trade-offs between the issues on the table) । साधारणतयाः व्यवस्थापिकाका प्रतिनिधिहरू एक आपसमा जब दुई वा सो भन्दा बढी निर्णय वा मुद्दाहरूको अनुकूल नतिजा सुनिश्चित गर्न तयार हुन्छन् तब लग्रोलिङ्ग हुन्छ । .यसको लागि मुख्य गरेर दुई कानून निर्माताहरू नै दुवै निर्णय वा मुद्दाहरू पारित भएका छन् भनेर निश्चित गर्न एक अर्कोको प्रस्तावमा मतदान गर्न सहमत हुन्छन् । यसमा प्रत्येक विधायिकाको गठनका लागि फाइदाजनक हुने उपायहरूको समर्थन हासिल गर्नका लागि विधायकहरूको बीचमा मतको कारोबार समावेश हुन्छ । यस प्रक्रिया मार्फत विधायकहरूले एक अर्कालाई विशेष कानून पारित गर्न मद्दत गर्दछन् । एक विधायकले अर्कोलाई कानूनको एक खण्डमा उस्तै मद्दतको बदलामा सहयोग गर्दछ । सामान्यतया विधेयकको छलफलको प्रक्रियामा व्यवस्थापिकाभित्र रहेका समितिमा दफा दफा वा भाग वा परिच्छेदको एक खण्ड विश्लेषण र परिवर्तन गरेर विधायकहरूले एक अर्कालाई कानून पारित गर्न सहयोग गर्दछन् ।

लग्रोलिङ्ग एउटा प्रक्रिया पनि हो, जसद्वारा राजनीतिज्ञहरूले अर्को पक्षसँग सरोकार राख्ने मुद्दाको लागि समर्थन गर्दछन् अर्थात् विधायिकी मतदानमार्फत कानूनको एक खण्डलाई अर्को राजनीतिज्ञको समर्थनको बदलामा समर्थन गर्दछन् । यदि कुनै विधायक लग्रोलिङ्ग गर्न चाहन्छ भने उसले अर्को ऐन वा बिधेयकको तर्फबाट मत सुरक्षित गर्न कुनै खास ऐन वा बिधेयकको लागि मतको कारोबार शुरू गर्दछ । त्यस्तो अवस्थामा दुई पक्षले आपसी समर्थनको वाचा गर्दछन्, त्यसैले दुवै बिधेयकले साधारण बहुमत प्राप्त गर्न सक्दछन् । यसैगरी कुनै सदस्यले सभा वा समितिमा विचाराधीन विषयमा साधारण बहुमत प्राप्त गर्न केही बढी मत चाहिने भएमा एक अर्काको मतको आदान प्रदान मार्फत समर्थन खोज्दछ । साथै, आफू जस्तै विधायकलाई कानून बन्नको लागि आफ्नो प्रस्तावमा मतदान गरेमा पछि त्यस्तो मतदानको बदलामा उसको विधेयकमा मतदान गर्ने वाचा समेत गर्दछ ।

[८] https://en.wikipedia.org/wiki/Logrolling

## लग्रोलिङ्गको उत्पत्ति

लग्रोलिङ्गको उत्पत्ति कहिले र कसरी भयो भन्ने सम्बन्धमा विभिन्न धारणाहरू पाइन्छन् । प्राचीन धारणा अनुसार जङ्गलमा काटिएका थुप्रै काठका मूढा (लग) हरू सार्न जब दुई छिमेकीहरूले एक अर्काको सहयोगको अवश्यकता महशुस गरे तब उनीहरूबीच लग रोल गर्न सँगै मिलेर काम गर्ने समझदारी बन्यो र लग सार्ने क्रममा लग्रोलिङ्गको प्रचलन शुरू हुन गएको भनाइ रहेको पाइन्छ ।

वास्तवमा यस शब्दको औपचारिक वा कानूनी रूपमा पहिलो प्रयोग सन् १८३५ मा अमेरिकी कङ्ग्रेसका Davy Crockett ले गरेका थिए। उनले अमेरिकी प्रतिनिधि सभामा भनेका थिए, "मेरा मानिसहरू मलाई आफ्नो व्यवसायमा लग-रोल गर्न मन पराउँदैनन् र मतदान अघि नै मतदान गर्छन् । अन्य राज्यहरूमा समर्थक (फेलो) हरूको अधिकार खाली गर्नुहोस् जसले आफ्नै भूमिमा कहिल्यै आगो दन्काउँदैन "(My people don't like me to log-roll in their business, and vote away pre-emption rights to fellows in other states that never kindle a fire on their own land) ।[9]

## लग्रोलिङ्गको प्रकार

लग्रोलिङ्गका निम्न प्रकार रहेको पाइन्छः[10]

१. **प्रत्यक्ष प्रजातन्त्रमा लग्रोलिङ्ग (Logrolling in direct democracies):** यसमा केही व्यक्तिहरू खुल्लम खुल्ला मतदान गर्दछन् । यसले गर्दा मतहरू व्यापार गर्न, पुनः व्यवस्थित गर्न र निरीक्षण गर्न सजिलो हुन्छ ।

२. **निहित लग्रोलिङ्ग (Implicit logrolling):** यस प्रकारको लग्रोलिङ्गमा मतदाताको ठूलो निकायले जटिल मुद्दाहरू निर्णय गर्दछन् र औपचारिक ब्यापार बिना नै मतहरू कारोबार गर्दछन् ।

३. **वितरण लग्रोलिङ्ग (Distributive logrolling):** यसले नीति निर्माताहरूलाई तिनीहरूको सार्वजनिक लक्ष्यहरू प्राप्त गर्न प्रोत्साहित गर्दछ । यहाँ तिनै नीति निर्माताहरूका जिल्ला नीति र खुद्रे योजनाहरू (pork barrel packages) व्यवहारमा कुशल छन् भन्ने कुराको सुनिश्चित गर्न लग्रोल गरिन्छ। लोकतान्त्रिक शासन प्रणालीमा यसलाई सबैभन्दा प्रचलित प्रकारको लग्रोलिङ्ग मानिन्छ ।

त्यसैगरी लग्रोलिङ्गलाई स्पष्ट (Explicit) र निहित (Implicit) गरी दुई प्रकारबाट पनि उल्लेख गरेको पाइन्छ । Explicit लग्रोलिङ्ग प्रतिनिधिमूलक राजनीतिमा धेरै सामान्य छ । यसलाई व्यवस्थापिका तथा यसका समिति जस्ता प्रजातान्त्रिक संस्थाहरूमा साझा मानिन्छ, जहाँ मतहरूको

---

९ https://en.wikipedia.org/wiki/Logrolling,

१० https://en.wikipedia.org/wiki/Logrolling

सजिलै लेनदेन हुनसक्छ । गोप्य मतदान वा ठूलो समूहले गर्ने मतदान प्रक्रियामा भने यसले खासै काम गर्दैन । यो विशेषगरी अमेरिकामा खुला छ, जहाँ संघीय प्रणाली अनुसार प्रतिनिधत्व गरी आउने कंग्रेसका सदस्यहरूले उनीहरूको आफ्नै राज्य वा जिल्लाको फाइदाका लागि सङ्घर्ष गर्ने अपेक्षा गरिन्छ र पार्टी नीति दोस्रो क्रममा आउँछ । यद्यपि यो यूरोपियन देशहरूमा स्पष्ट छैन किनकि त्यहाँ पार्टी अनुशासन शक्तिशाली रहेको छ तथापि यो युरोपेली संघमा धेरै महत्त्वपूर्ण छ । युरोपियन युनियनका दैनिक निर्णयहरूमा र केही नीति मुद्दाहरूमा एकमत हुनुको मतलब कुनै एक देशले सजिलैसँग सम्झौता रोक्न धम्की दिन सक्छ। त्यसैले यसका संस्था वा कार्यालयको स्थापना तथा नीति एवम् निर्णयहरू पारित गर्दा लग्रोलिङ्गको गुञ्जायस रहन्छ (Butler, 2012) ।

Implicit लग्रोलिङ्गबाट विधायकलाई धेरै फाइदा रहेका छन् । यो विशेषगरी दल गठन, महधिवेशन, चुनाव र उनीहरूको निर्वाचन कार्यक्रमसँग बढी सम्बन्धित छ । यसमा स्वार्थ र रूचि अनुसारका तयार पारिएका बिभिन्न किसिमका प्रस्तावलाई प्याकेज बनाएर विधायकहरू प्रत्येकलाई समर्थन गर्न सहमत हुन्छन् ।

**लग्रोलिङ्गको सान्दर्भिकता**

लग्रोलिङ्गलाई विशेष रूचि वा स्वार्थ भएका र अल्पसंख्यक समूहहरूको लागि समर्थन प्राप्त गर्न प्रयोग गरिने एक माध्यमका रूपमा पनि लिने गरिन्छ । यद्यपि मिश्रित वैचारिक दृष्टिकोण (विविधता) का कारण विधायिकाभित्र पहिले नै यस्ता अल्पसंख्यक विधायकहरू रहेका हुन्छन् र अल्पसंख्यक भए पनि तिनीहरूको प्रायः प्रतिनिधित्व रहेको हुन्छ । त्यसैले संविधान संशोधनको बेलामा धेरै संशोधन प्रस्ताव समावेश गराउन यो उपयुक्त विधायकी अभ्यास बन्ने गरेको पाइन्छ ।

लग्रोलिङ्गको अभावको कारण कहिलेकांही बहुमतको समस्या चक्रिय रूपमा खडा हुन सक्छ । चक्रिय बहुमतको समस्या तब हुन्छ जब मतदाताहरू बहु मतदान विकल्पहरूको साथ सामना गर्छन् तर उनीहरूले चाहेको विकल्प रोज्न सक्दैनन्, किनकि त्यो उपलब्ध हुँदैन । यस्तो अवस्थामा मतदाताहरूले वैकल्पिक विकल्प तिनीहरूको मूल प्राथमिकताको नजिक छ कि छैन भनी विचार गर्नु पर्दछ । जब यहाँ लग्रोलिङ्गलाई अनुमति दिइन्छ, अनि नतिजा चक्रिय बहुमतको खतरा बिना नै सुरक्षित हुन्छ । नेपालको संसदीय इतिहासमा सत्र पटकसम्म गरिएको प्रधानमन्त्री पदको निर्वाचनको सिलसिला र त्यसको अन्त्यलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ ।

लग्रोलिङ्ग प्रणालीमा विधायकले आफ्ना भोटहरू समकक्षी विधायकहरूसँग मोलतोल गरेर प्रयोग गर्न सक्दछ । प्राय गरेर विधायकहरू उनीहरूको पार्टीका नेताबाट नियन्त्रित नभई स्वतन्त्र भएको अवस्थामा उनीहरूले निर्वाचन क्षेत्र विकासको कार्यक्रमलाई बढावा दिनका लागि आफ्नो मतको आदान प्रदान गर्दछन् । साथै, देशका अन्य जिल्लाहरूमा भन्दा आफ्नै जिल्लामा धेरै खर्च गरेर फाइदा केन्द्रित गर्न र आफ्नो मत सुरक्षित पार्न खोज्दा लग्रोलिङ्ग गर्ने काम स्वतः उत्पन्न हुन जान्छ । यस्तो बेला स्थानीय परियोजनाहरू जस्तैः ठूला ठूला बाँध, पुल, राजमार्ग, आवास, अस्पताल,

रोजगार प्रशिक्षण केन्द्र र यस्तै खालका परियोजना छनोटमा प्रायः लग्रोलिङ्गद्वारा किनबेच गर्ने गरिन्छ वा यसो गर्न दबाब दिइन्छ ।[११] नेपालको सन्दर्भमा मुख्यतया बजेट निर्माण गर्दा विभिन्न मन्त्रालयका मन्त्री र उच्च अधिकारीहरूले यस्तो अभ्यास गर्ने गरेको आरोप लाग्ने गरेको छ । यसर्थ यस्तो कार्यलाई कानूनतः राम्रो अभ्यासका रूपमा लिइँदैन ।

लग्रोलिङ्ग प्रत्यक्ष रूपमा गरिने राष्ट्रपति पदको निर्वाचनको समयमा हुन सक्दैन किनभने त्यहाँ विशाल जनसंख्याको मतदान आवश्यक पर्दछ, गोप्य मतदान हुन्छ र quid pro quo को सम्बन्ध रहँदैन । तर पनि यो राजनीतिक प्रक्रियामा व्यापक नै देखिन्छ । त्यसैले फाइदाजनक अवस्थामा को, बाट कहिले र कसरी लग्रोलिङ्ग हुन्छ भनेर बुझ्न महत्त्वपूर्ण भए पनि कठीन छ ।

सर्वोत्तम निर्णयको विन्दुमा पुग्नको लागि लग्रोलिङ्गले सघाउँदछ । जब निर्णयकर्ताहरू एकमत हुन्छन्, मतलाई जबरजस्ती गर्दैनन् र सबैजनासँग भिटो शक्ति हुन्छ तब मात्र उनीहरू सर्वोत्तम निर्णयमा पुग्न सक्दछन् । यसैले केही लग्रोलिङ्गका पक्षधरहरूले तर्क गर्दछन् कि लोकतन्त्रभित्र लग्रोलिङ्गको लागि अनुमति हुनुपर्दछ किनकि कहिलेकाँही भोटमा उत्तम सबैभन्दा कुशल विकल्प नहुन सक्छ । त्यसैले लग्रोलिङ्गले "भोटको बजार" सिर्जना गर्ने र "भोट" मुद्राको एक प्रकारको रूपमा विनिमय हुने भए तापनि यसले राजनीतिक प्रक्रियालाई सजिलो बनाई उच्च मूल्यवान परिणामहरू उत्पन्न गर्न सहयोग गर्दछ ।

त्यस्तै, चुनावी कार्यक्रममा पनि दलहरू मतदातासँग भोट ट्रेडिंगमा प्रवेश गर्ने गर्दछन् । मतदान प्रक्रियामा सहभागी व्यक्तिले आफ्नो व्यक्तिगत भोटको मूल्य बुझ्दछ भने ऊ व्यापार गर्न प्रेरित हुन्छ । जब व्यापारका विधिहरू दिइएका मापदण्ड वा नैतिक प्रक्रियाहरूसँग विरोधाभाष गर्दैनन् भने व्यक्ति स्वाभाविक रूपमा पारस्परिक फाइदाजनक मतका लागि ब्यापार खोज्दछ ।

सार्वजनिक गतिविधिबाट हुने लाभहरू लागत भन्दा बढी हुनुपर्ने लग्रोलिङ्गको आवश्यक एक सर्त छ । जब लेनदेन लागत कम हुन्छ र त्यसमा संलग्न पक्षहरू पूर्ण रूपमा सूचित हुन्छन् तब तिनीहरूको बीचमा लग्रोलिङ्गको वातावरण बन्छ र पारस्परिक लाभदायक सम्झौता हुन्छ । यसो हुनु अगावै दुई पक्षको बीचमा बुद्धिमत्तापूर्वक वार्ता (negotiation) र लेनदेन (bargaining) को क्षेत्र र माध्यमबाट खरिद बिक्रीको लागि सम्भावित सहमतिको क्षेत्र (The zone of possible agreement-ZOPA) खोजिन्छ । वार्ताको सन्दर्भमा लग्रोलिङ्गलाई अनैतिक वा घिनलाग्दो (Sleazy) क्रियाकलाप मानिदैन । यसरी वार्तामा गरिने लग्रोलिङ्गको लागि एक भन्दा धेरै मुद्दा (Issue) हरूको पहिचान, तिनको प्राथमिकतामा फरकपना र चासो तथा ती मुद्दाहरूको लागि विभिन्न विकल्पहरू समिश्रण गर्न र मिलाउन सक्षमता जरूरी हुन्छ ।

हुनतः लग्रोलिङ्गले कुनै मुद्दा (Issue) मा अनिर्णयको बन्दी हुनुपर्ने अवस्थाबाट मुक्त हुन सहयोग गर्दछ । विवादको विषयले निकास पाउँछ र त्यस्तो विषयमा निर्भर बाँकी

[११] http://webhome.auburn.edu/~johnspm/gloss/logrolling.phtml

प्रक्रियाहरू/कामकारवाहीहरू अगाडि बढ्दछन् । फलतः त्यस्ता विषयमा पक्षहरूको अपनत्व, स्वामित्व र सहभागिताको गुञ्जायस रहन्छ । दलको व्हीप वा कडा संसदीय अनुशासन कारण सांसदहरूले निर्देशन अनुसार मतदान र समर्थन गर्दा पार्टी लाइन अनुसार हुने भएकोले बेलायतको जस्तो वेस्टमिनिस्टर मोडेलमा लग्रोलिङ्ग बढी गाह्रो देखिए पनि असम्भव भने छैन ।

मूल विधेयकका साथ आश्रित विधेयक पेश गरेर वा एउटै विधेयकमा धेरैवटा संशोधनहरू राखेर Bargaining मार्फत आफ्नो स्वार्थ पूरा गराउन यसले सहयोग गर्दछ । त्यसैले यसलाई निर्णय आफ्नो पक्षमा पार्न गरिने मिलेमतो, साँठगाँठ वा गठबन्धन पनि भन्न सकिन्छ । लगरोलका पक्षधरहरूलाई सन्तुष्ट बनाउने भएकोले यसलाई जीत-जीत (win-win) को अवस्थामा पुग्न अवलम्बन गरिने चतुर्याई (tactics) को रूपमा पनि लिन सकिन्छ र "गुनको बदला गुन तिर्ने" तरिका पनि भन्न सकिन्छ । यद्यपि लगरोलिंग एक फोहोरी गतिविधि जस्तो देखिन्छ तर यसले कहिलेकाँही फाइदा गर्न सक्ने कतिपय विद्वानहरूको मत रहेको छ।

## नेपालमा लग्रोलिङ्गको अभ्यास

सम्वत् २०५१ सालको मध्यावधि निर्वाचनबाट कुनैपनि दलले बहुमत हासिल गर्न नसकेपछि त्रिशंकु संसद (Hung Parliament) को जन्म भयो । यसले सरकार गठन र विघटनमा सांसदहरू (मत) किनबेचको परम्परा थालनी गरायो । खासगरी राष्ट्रिय प्रजातन्त्र पार्टी जुन दलसँग मिल्थ्यो, उही दलको बहुमत पुग्थ्यो । यसबाट राष्ट्रिय प्रजातन्त्र पार्टीलाई सरकार गठन र विघटनको भूमिकामा सर्वेसर्वा (king maker or breaker) त बनायो नै सरकारको नेतृत्व गर्ने अवसर (प्रधानमन्त्री) समेत प्राप्त भयो । त्यसैले २०५१-२०५६ को अवधिमा नेपालको संसदीय पद्धतिमा दलहरूले सरकार गठनको विषयमा लग्रोलिङ्गको भरपुर उपयोग गरेको पाउन सकिन्छ । यस्तै प्रकारको घटना पहिलो संविधान सभाको कार्यकाल (२०६४-२०६९) को बेलामा पनि दोहोरिन पुग्यो । यो बेला तत्कालीन ने.क.पा. माओवादी संसदमा ठूलो दल भए पनि ने.क.पा. एमालेले समेत दुईपटक सरकारको नेतृत्व लियो ।

निर्वाचनको सम्बन्धमा हेर्ने हो भने पनि त्यहाँ प्रशस्त लग्रोलिङ्गका दृष्टान्त पाउन सकिन्छ । दलबीचको चुनावी तालमेल/गठबन्धन यसको अवधारणासँग मेल खाने देखिन्छ । २०७४ सालमा सम्पन्न भरतपुर नगरपालिकाको चर्चित चुनावी परिणाम पनि एउटा उदाहरण हुन सक्दछ । मुलुकभर चुनावका यस्ता तालमेल धेरै स्थानमा गरिएका थिए । त्यस्तै संसदीय समितिका सभापति निर्वाचनमा पनि फरक-फरक दलबाट प्रस्तावक र समर्थक बनेर लग्रोलिङ्गको सानोतिनो अभ्यास हुने गर्दछ ।

दलहरू मिलेर सरकार बिरूद्ध ल्याउन सक्ने अविश्वासको प्रस्ताव र उक्त प्रस्ताव आउने वातावरण बन्न नदिन वा विफल पार्न सरकारपक्ष दलबाट संसदमा कम सिट भएका साना दललाई दिइने प्रलोभनका बीच भने लग्रोलिङ्गको राम्रै अभ्यास हुने गर्दछ । विगतमा सरकारको बहुमत कायमै गरिरहन साना एक/दुई सिटे दलका सांसदलाई मन्त्रालय टुक्र्याएर भए पनि मन्त्री पद दिलाउनु

यसैको गतिलो उदाहरण मान्न सकिन्छ । त्यसैगरी विपक्षी विधायकले कुनै माग राखेर सदन अवरूद्ध भएको अवस्थामा त्यसलाई सुचारू गर्नको लागि दलहरूबीच हुने वार्ता र लेनदेनको सहमतिलाई पनि यसकै सन्दर्भको रूपमा लिन सकिन्छ ।

### कानून निर्माणका चरणमा लग्रोलिङ्ग हुन सक्ने सम्भावित अवस्था

लग्रोलिङ्ग हुने नै कानून निर्माणमा हो । यसको अवधारणा पनि यही हो । नेपालमा कानून निर्माणको दायराभित्र निम्न दुई चरणलाई राखेर हेर्न सकिन्छः

**(क) संसद बाहिरको चरणः** यस चरणमा सरकारी विधेयकको सम्बन्धमा विधेयकको शुरू मस्यौदाको लागि सम्बन्धित निकायबाट अवधारणापत्र तयार र स्वीकृति लिने, मस्यौदा तयार र सरोकारवालासँग छलफल गर्ने, प्राप्त सुझाव अनुसार परिमार्जन गरी अन्तिम मस्यौदा तयार पारी सैद्दान्तिक स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश र संसदमा दर्ताको लागि स्वीकृतिसम्मका कार्यहरू पर्दछन् । उल्लेखित कार्यको सिलसिलामा सरोकारवालाले आफ्ना मुद्दा स्थापित गराउन दबाव वा लबिङ्गको माध्यमबाट लग्रोलिङ्ग हुन सक्दछ ।

त्यस्तै, सम्बन्धित मन्त्रीले आफूले मन्त्रिपरिषद्मा लगेको कुनै नयाँ विधेयक वा संशोधनको प्रस्तावलाई पारित गर्न र व्यवस्थापिकामा लैजान समर्थन जुटाउन अरू मन्त्रीलाई सहमत बनाउन पनि लग्रोलिङ्गको प्रयोग हुन सक्दछ ।

**(ख) संसदभित्रको चरणः** संसद भित्रको चरणलाई अन्तर्राष्ट्रिय संसदीय अभ्यास अनुसार प्रथम वाचन, द्वितीय वाचन र तृतीय वाचनको रूपमा विभाजन (गौतम,२०७५) गरेर अध्ययन गर्ने हो भने यसका हरेक वाचनमा लग्रोलिङ्ग हुने सम्भावना उत्तिकै रहेको हुन्छ । प्रथम वाचनमा सदनमा विधेयक प्रस्तुत गर्ने अनुमतिको प्रस्ताव बहुमतले स्वीकृत हुनुपर्ने भएकोले यसमा सहमत जुटाउन अवश्यक हुन्छ । त्यसैगरी द्वितीय चरणमा विधेयकको सैद्धान्तिक छलफल तथा समितिबाट विधेयकमाथि गरिने संशोधन, परिमार्जन लगायतका कार्यहरूमा पनि लग्रोलिङ्ग हुने प्रबल सम्भावना रहन्छ । त्यस्तै, तृतीय वाचनमा सदनबाट विधेयक पारित गरिने भएकोले यस चरणमा बहुमत पुर्‍याउन झनै लग्रोलिङ्गको जरूरी हुन सक्दछ । गैरसरकारी विधेयक प्रस्तुत गर्नुपर्दा र त्रिशंकु संसद भएको अवस्थामा यसले अझ बढी प्रश्रय पाउने सम्भावना देखिन्छ । नेपालको संविधान र यसका कतिपय प्रावधान दलबीचको वार्ता र सहमति/सम्झौताले ओतप्रोत भएको देखिन्छ । केही वर्ष अगाडि संसदले पारित गरेको बहुचर्चित बाफिया र चिकित्सा शिक्षा सम्बन्धी विधेयकमा समेत लग्रोलिङ्गको गन्ध पाउन सकिन्छ ।

### निष्कर्ष

बहुदलीय राजनीतिमा भिन्न विचार राख्ने धेरै स्वार्थ समूहहरू क्रियाशील रहेका हुन्छन् । त्यस्ता समूहहरू समाजमा उठेका मुद्दामा आफू अनुकूल निर्णय गराउन अन्तर समूह साँठगाँठ गर्दछन् । यसका लागि एक अर्का पक्षको समर्थन वा मतको लेनदेन गर्दछन् । विधि व्यवस्थापनको

सिलसिलामा विधायकबाट गरिने मतको लेनदेनलाई लग्रोलिङ्ग भनिन्छ । यो अमेरिकामा उत्पत्ति र विकास भएको अवधारणा हो ।

लग्रोलिङ्ग राजनीतिक पक्षधरहरूबीच जस्ताको त्यस्तै सम्बन्ध (quid pro quo) हुनेगरी गरिने मतको व्यापार (trade of votes) हो । यो मूलतः राजनीतिमा आफ्ना मुद्दालाई स्थापित गराउन गरिने एक प्रकारको चालबाजी हो । विशेषतः कानून निर्माण प्रक्रियाको समयमा विधेयकका दफा वा खण्डमा आपसी समर्थन जुटाउन र प्रस्तावित विधेयक पारित गराउन एउटा विधायकले अर्को समकक्षी विधायकको मत हासिल गर्न अवलम्बन हुने मतको लेनदेन हो । यो विधि निर्माणका साथै निर्वाचन प्रक्रिया, सरकारको गठन/विघटन तथा मन्त्रालयगत बजेट निर्माण र विकासका आयोजना/कार्यक्रम छनौट जस्ता कार्यमा समेत व्याप्त रहेको पाइन्छ ।

निर्णय नै हुन नसक्ने, लामो समयसम्म अनिर्णयको बन्दी हुनुपर्ने र समस्याले निकास पाउन नसक्ने अवस्थाबाट मुक्त गराई पक्षधरहरूलाई जीत-जीतको स्थितिमा पुर्‍याउन यसले सहयोग गर्दछ । यसका बावजुद "काले-काले मिलेर खाऊँ भाले" भन्ने भागबण्डाको प्रवृत्तिले प्रश्रय पाउन सक्ने भएकोले यसलाई गैरकानूनी, अनैतिक र अपवित्र अभ्यासको रूपमा आलोचना गरेको पनि पाइन्छ । विगतमा नेपालको संसदीय अभ्यासमा लग्रोलिङ्गको पर्याप्त अभ्यास भए पनि आगामी दिनमा स्वच्छता, पारदर्शिता र नैतिकता कायम गर्दै जनादेशको कदर गर्नु नै राष्ट्र र जनताको लागि श्रेयस्कर हुने देखिन्छ ।

**सन्दर्भ सामग्री**


१. गौतम, डा० भरतराज, कानून निर्माणको संसदीय प्रक्रियाः प्रथम, द्वितीय र तृतीय वाचन, , संघीय संसद सेवा स्मारिका २०७५, वर्ष ७, अंक ६ ।

२. अर्याल, लक्ष्मण संसदमा प्रतिपक्ष र नेपालमा यसको अभ्यासः संघीय संसद सेवा स्मारिका २०७४, वर्ष ६, अंक ५ ।

३. Butler, Eamonn (2012), Public Choice A Primer, London: The Institute of Economic Affairs.

४. https://en.wikipedia.org/wiki/Logrolling.

५. https://www.dictionary.com/browse/logrolling.